

के तपाईको घर पानीले रसाएको छ ?

अब चिन्ता नगर्नुहोस !

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्क: प्रगति ट्रेड कर्न्सन

रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क:

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २८१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ कार्तिक १२ गते सोमबार ❑ 28 Oct. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## संविधान संशोधनभन्दा पहिले आवश्यक समीक्षा गर्न जरुरी छ: नेता सिटौला

**पोखरापत्र संवाददाता**
पोखरा, ११ कार्तिक

नेपाली कांग्रेस राष्ट्रियसभा संसदीय दलका नेता कृष्णप्रसाद सिटौलाले नेपालको संविधान संशोधन गर्नुभन्दा पहिले गम्भीर रूपमा आवश्यक समीक्षा हुनुपर्ने बताउनुभएको छ।

कांग्रेस आपूर्ति तथा उपभोक्ता विभागले आइतबार पोखरामा आयोजना गरेको वर्तमान अवस्थामा आपूर्ति व्यवस्था र उपभोक्ता अधिकारसम्बन्धी अन्तरक्रियामा उहाँले संविधानको कार्यान्वयन गदौ देखिएका समस्या, जनहितका पक्ष र आवश्यकताबारे समीक्षा जरुरी रहेका बताउनुभएको हो । "संविधान



कार्यान्वयन गर्दा जनहितमा के के काम गर्न सकियो, जनतासामु गरेका बाचा पूरा गर्ने सवालमा के के समस्या देखिए, त्यसका कारण र समाधान, संविधानमा देखिएका कमजोरीको संयमित भएर समीक्षा गर्दै अगाडि बढ्नुपर्छ", नेता सिटौलाले भन्नुभयो । उहाँले वर्तमान सरकारसामु राजनीतिक स्थिरता कायम गर्दै जनहितका पक्षमा काम गर्नुपर्ने जिम्मेवारी रहेको धारणा राख्नुभयो। "अहिले नयाँ र साना पार्टीहरूले पुराना अनि ठूला पार्टीले केही गरेन भन्ने गरेका छन्", उहाँले भन्नुभयो, "२०४६ सालपछि धेरै विकासका काम भएका छन् । त्यसैले केही गरेकै छैन भन्ने कुरामा म चाहिँ सहमत छैन तर परिवर्तित जनचाहनाअनुसार काम गर्न जरुरी छ ।" पूर्वउपप्रधान तथा गृहमन्त्री सिटौलाले संविधानको मौलिक हकमा व्यवस्था गरिएका उपभोक्ता अधिकारलाई राज्यले प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो।

जनता हरेक उपभोग्य वस्तुको सहज र सुलभ आपूर्तिको व्यवस्था मिलाउन उहाँले सरकारलाई आग्रह गर्नुभयो।

## प्रदेशबासीको स्वास्थ्यलाई स्वस्थ राख्ने बाटो तय: गण्डकी स्वास्थ्यमन्त्री पाठक

**पोखरापत्र संवाददाता**
पोखरा, ११ कार्तिक

गण्डकी प्रदेशका स्वास्थ्य मन्त्री कृष्णप्रसाद पाठकले प्रदेशबासीको स्वास्थ्यलाई मध्येनजर गर्दै योजनाहरू अघि बढाएको बताएका छन्।

एसोसिएसन अफ प्राइभेट हेल्थ इन्स्टिच्युसन अफ नेपाल (अफिन) को छैटौं साधारणसभा तथा तेस्रो अधिवेशनमा प्रमुख अतिथि मन्त्री पाठकले योजना अनुसार नै गण्डकीबासीको स्वास्थ्यलाई स्वस्थ बनाउन प्रयास सुरु गरिएको बताए।

प्रदेशको स्वास्थ्य क्षेत्रमा देखिएका समस्यालाई समाधान गर्न तीन कालीन योजना बनाएर काम थालेको उनको भनाई छ। 'अल्पकालीन, मध्यकालीन र दिर्घकालीन योजना बनाएर काम गर्ने बाटो तय गरेको छु', उनले भने। यसैबीच, गण्डकीको स्वास्थ्य सुधार कार्यक्रमलाई प्रभावकारी बनाउन निजी अस्पतालसँग सहकार्य गरेर काम गर्ने प्रतिबद्धता पनि उनले व्यक्त गरे । निजी स्वास्थ्य संस्थाका समस्यालाई हल गर्ने जिम्मेवारी आफूले लिने उनले बताए । स्वास्थ्य क्षेत्रलाई मर्यादित र व्यवस्थित गराउन लागि पर्ने पनि मन्त्री पाठकले बताए । अफिनले स्वास्थ्य क्षेत्रमा लामो समय सेवा गरेका ६ जनालाई सम्मान पनि गरेको




छ । चार दशक भन्दा बढी समय स्वास्थ्य क्षेत्रमा योगदान गरेकालाई सम्मान गरिएको हो।

सम्मानित हुनेमा डाक्टर विनोद तुलाचन, नर्सिङतर्फ किरण चन्द, ल्याबर्फत श्यामकृष्ण प्रधान, फार्मेसीतर्फ टंकबहादुर साही, रेडियोलोजीतर्फ वेदबहादुर रायमाझी र फिजियोथेरापीतर्फ विजय प्रधान रहेका छन् । उनीहरुलाई गण्डकी प्रदेशका स्वास्थ्य मन्त्री पाठक, पोखरा महानगरपालिका मेयर धनराज आचार्य र संस्थाका अध्यक्ष डाक्टर गिरधारी शर्माले संयुक्त रुपमा सम्मान गरेका हुन्।

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले निजी स्वास्थ्य संस्थाले राम्रो काम गरिरहेको बताउँदै बेला बेलामा अनुगमन हुनुपर्ने बताए।

उनले निजी स्वास्थ्य संस्थासँग सहकार्य गर्न महानगर पनि तयार रहेको बताए। अफिन गण्डकीका अध्यक्ष डाक्टर गिरधारी शर्माले गण्डकीमा निजी स्वास्थ्य संस्थामा करिब १ सय ५० अर्ब लगानी भएको बताए। शर्माले विगत २ वर्षमा संस्थाले गरेका गतिविधि पनि प्रस्तुत गरेका थिए । शर्माको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा अफिनका केन्द्रीय अध्यक्ष डाक्टर पदमबहादुर खड्का, अफिन गण्डकीका संस्थापक अध्यक्ष अशोक पालिखे, उपाध्यक्ष कपिल पोखरेल, सचिव ऋषि खतिवडा, कोषाध्यक्ष सूर्यप्रसाद पोखरेल सम्मानित व्यक्तित्व, किरण चन्द र वेदबहादुर रायमाझी लगायतले स्वास्थ्य क्षेत्र र निजी स्वास्थ्य संस्थाको बारेमा बोलेका थिए। अधिवेशनले नयाँ कार्यसमिति समेत चयन गरेको छ।

## आठौं संस्करणको गोदावारी पुष्प प्रदर्शनी तथा पाँचौ गण्डकी प्रादेशिक पुष्प मेला हुदै

**पोखरापत्र संवाददाता**
पोखरा, ११ कार्तिक

आठौं संस्करणको गोदावारी पुष्प प्रदर्शनी तथा पाँचौ गण्डकी प्रादेशिक पुष्प मेला सोमबारदेखि पोखरामा हुने भएको छ।

फ्लोरिकल् एशोसिएसन नेपाल जिल्ला समिति (फ्यान) कास्कीको आयोजनामाा यही कार्तिक १२ देखि १६ गतेसम्म पोखरा प्रर्दशनी केन्द्रमा उक्त मेला हुने भएको पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराइएको हो।

यस प्रदर्शनीमा व्यवसायीक स्टल २० वटा कृषि सामग्री स्टल




२ वटा र सूचना मूलक १ वटा गरि जम्मा २३ वटा प्रदर्शनी कक्षहरु रहने भएको फ्यान कास्कीका अध्यक्ष राम प्रसाद सुवेदीले बताउनु भयो । यस मेलामा नेपालमा विगत वर्षदेखि नै व्यवसायीक उत्पादन हुदै आएका विविध जातका गोदावारी फुल विरुवाहरुको साथै यस वर्ष भित्रिएका गोदावारी फुलका नयाँ प्रजातीका फूल विरुवा समेत प्रर्दशनी तथा बिक्री वितरण हुने भएको उहाँले जनाउनु भयो । यसका साथै यस सिजनमा फुलूने सयपत्री मखमली तथा अन्य सिजन्ल फूल विरुवाहरुको समेत प्रदर्शनी समावेश हुने भएको अध्यक्ष सुवेदीले जनाउनु भयो।

नेपालीहरुको दोस्रो महान चाड तिहार तथा छठ पर्वलाई लक्षीत गरि पुष्पका पारखी तथा पुष्प ग्राहक वर्गलाई सहज रुपमा फूल विरुवाहरु उपलब्ध गराउन घर आगन बगैंचा सजाउन तथा स्वागत सत्कारमा विशेष प्रयोग हुने फुलको सहज उपलब्धता


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## गण्डकीको उपल्लो मुस्ताङमा प्रदेश प्रमुख

**पोखरापत्र संवाददाता**
पोखरा, ११ कार्तिक

गण्डकीका प्रदेश प्रमुख डिल्लीराज भट्टले हिमाल पारीको जिल्ला मुस्ताङको उपल्लो भेग कोरला नाका अवलोकन भ्रमण गर्नुभएको छ।

प्रदेश अन्तर्गतका जिल्लाका महत्वपूर्ण धार्मिक तथा पर्यटकीय क्षेत्र अवलोकन भ्रमण गर्ने क्रममा मुस्ताङको कोरला नाकासम्म पुगी अवलोकन गर्नुभएको हो । प्रदेश प्रमुख भट्टले नेपाल-चीन सीमाना छुट्याउने २४ नम्बर पिलरबाट यताका नेपालका भुभाग निरीक्षण गर्नुभयो।

त य स अ ि घ जोमसोममा मुस्ताङका प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद भुसालले प्रदेश प्रमुख भट्टलाई कोरला नाका, त्यहाँ नेपाल तर्फका प्रगति विवरण तथा सडकको स्तरोन्नतिका बारेमा जानकारी गराउनुभएको थियो । उहाँले चीनतर्फ भव्य भवन लगायतका आधुनिक संरचना बनिसकेको जानकारी पनि गराउनुभयो । तिब्बततर्फ भन्सार लगायतका कार्यालयका लागि भव्य भवन र सहरी



योजना बनाइसकेकाले नेपालतर्फ पनि आवश्यक संरचना आवश्यक भइसकेको प्रजिअ भुसालले बताउनुभयो । बेनी जोमसोम र जोमसोम कोरला सडक स्तरोन्नतिमा ढिलाई गर्न नहुने उहाँको भनाई थियो। धेरै पहिले नेपाल-तिब्बत व्यापारको महत्वपूर्ण नाका रहेकाले अब यसलाई सहज रुपमा खुलाउन सकेमा गण्डकी प्रदेशसँगै समग्र मुलुककै आर्थिक विकासमा टेवा पुग्ने लोमन्थाङ गाउँपालिकाका अध्यक्ष टसी न्हर्वु गुरुङले बताउनुभयो। नेपाल-चीन जोड्ने अन्य नाकाहरू भन्दा कोरला नाका सुरक्षित र छोटो भएकाले यस नाकालाई नेपाल सरकारले तुरुन्त खोल्न सके व्यापार मात्र होइन, पर्यटन क्षेत्रलाई पनि फाइदा गर्ने उहाँको भनाई थियो।

लोमन्थाङ गाउँपालिका वडा नं. २ अध्यक्ष कर्म नाम्याल गुरुङले चीन तर्फका सबै संरचना बनिसकेकाले कोरला नाकालाई सहज रुपमा खुलाउन अब समस्या नरहेको भन्दै पहलका लागि प्रदेश प्रमुखको ध्यानाकर्षण गराउनुभयो । लोमन्थाङलाई विश्व सम्पदा सूचीमा सूचीकृत गरी पर्यटन प्रवर्द्धन गर्नुपर्ने खाँचो उहाँले औंल्याउनुभयो । कोरला नाका खुलाउँदा नेपालको आर्थिक वृद्धिमा सहयोग हुने मुस्ताङका स्थानीय जनप्रतिनिधि, राजनीतिकर्मी र पोखराका व्यवसायीको पनि विश्वास छ। कोरला नाका खुलाउन सके पोखरा आर्थिक केन्द्र बन्न सक्ने नेकपा एमाले लोमन्थाङ गाउँपालिका कमिटि अध्यक्ष लाक्पा वाङ्दी गुरुङले उल्लेख गर्नुभयो । शालिग्राम उत्पत्ति भएको ठाउँ दामोदरकुण्ड पनि यहीँ रहेकाले मुक्तिनाथ हुँदै यस क्षेत्र धार्मिक पर्यटनको पनि केन्द्र बन्न सक्ने गुरुङले बताउनुभयो। जिल्लाको पर्यटन विकासमा नेपाल सरकार र गण्डकी सरकारले विशेष ध्यान दिनुपर्ने वारागुङ मुक्तिक्षेत्र गाउँपालिका वडा नं. १ का अध्यक्ष प्रमेश गुरुङले बताउनुभयो। गण्डकी प्रदेश प्रमुख भट्टले कोरला नाका यस प्रदेशकै महत्वपूर्ण सम्पति रहेकाले सहज रुपमा खोल्ने र आवश्यक संरचना तथा भन्सार सञ्चालनका लागि नेपाल सरकारको ध्यान रहने बताउनुभयो । उपल्लो मुस्ताङसम्मको अवलोकन भ्रमणका क्रममा प्रदेश प्रमुख भट्टले पर्वतका पुलहरू, बञ्जी स्थल, बागलुङ कालिका भगवती दर्शन, मुक्तिनाथ मन्दिरमा दर्शन, घमीको स्याऊ खेती, लोमन्थाङ गाउँ अवलोकन, नेचुङ नजिकैको पाँच तले शिजा झोङ गुफा र कोरला नाकाको नेपाल क्षेत्र अवलोकन भ्रमण गर्नुभएको थियो।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

# अरण्यज्योतिलाई ७० रनले हराउँदै पोखरा फाइनलमा

पोखरापत्र संवाददाता
पोखरा, ११ कार्तिक

पोखरा क्रिकेट क्लबले अरण्यज्योती क्रिकेट क्लबलाई ७० रनले हराउँदै फाइनलमा यात्रा तय गरेको छ।

कास्की जिल्ला क्रिकेट संघको आयोजनामा भएको कास्की जिल्ला स्तरीय अन्तर क्लब एक दिवसिय क्रिकेट च्याम्पियनसिपको आइतबार भएको दोस्रो सेमीफाइनलमा खेलमा अरण्यज्योतिलाई ७० रनले हराउँदै पोखराले फाइनलमा राइजिङको भेट पक्का गरेको हो।

१५१ रनको विजयी लक्ष्य पाएको अरण्यज्योती ३०.२ ओभरमा ८० रनमा अलआउट हुँदा पोखराले फाइनलको यात्रा तय गरेको हो। अरण्यज्योतीका लागि सुलभ सुवेदीले १७ र प्रदिप पौडेलले १३ रनबाहेक अन्य ब्याट्सम्यानले दोहोरो अंक जोड्न सकेनन्। ओपनर कल्याण कुमाल ४, अंकित गजुरेल १,



प्रविन पौडेल ५, प्रिजन श्रेष्ठ ५, प्रशान्त अधिकारी ४, सोमबहादुर थापा २ रनमा आउट भए भने मुकेश गुप्ता र अब्दुल खलिक मिया शुन्यमा आउट भए।

सन्देश निउरे ८ रनमा नटआउट रहे। पोखराका लागि सुवाष भण्डारीले ९.२ ओभरमा ३ मेडनसहित ११ रन खर्चेर ३ विकेट लिए। देव शाहले ६ ओभरमा १ मेडनसहित २२ रन खर्चेर ३ विकेट लिए भने विजय राउत, अमन सुवेदी र सागर भुजेलले समान १/१ विकेट लिए।

त्यसअघि पोखरा रंगशालास्थित क्रिकेट मैदानमा टस हारेर व्याटिङको निम्तो पाएको पोखराले २६.५ ओभरमा १५० रन बनाउदै अलआउट हुन पुग्यो। पोखराका ओपनर मुस्कान थापाले ४४ रनको उत्कृष्ट पारी खेल्दै आउट भए। उनले ११ बलमा ३ चौका र ५ छक्काको मद्धतमा ४४ रन बनाएका थिए। अर्जुन बुढाथोकीले ३९ बलमा ४ चौका प्रहार गर्दै २७ रन बनाए। यस्तै मनिश भण्डारी ५, अनिश खड्का १३, सुवाष भण्डारी १४, देव शाह ६, अमन सुवेदी ९, विजय राउत १०, सागर भुजेल ४ र रोशन पौडेल शुन्यमा आउट भए। समुन्द्र भुजेल १ रनमा नटआउट रहे। अरण्यज्योतीका लागि प्रविन पौडेलले ७ ओभरमा २७ रन खर्चदै ३ विकेट लिए। अब्दुल खलिक मियाले ६.५ ओभरमा ३० रन खर्चदै ३ विकेट लिए। प्रदिप पौडेलले २ तथा सोमबहादुर थापा र कल्याण कुमालले १/१ विकेट लिए। कात्तिक १ गतेदेखी जारी प्रतियोगिताको उपाधि भिडन्त भोलि हुनेछ। गण्डकी प्रदेश सरकार र पोखरा महानगरपालिकाको सहयोग रहेको प्रतियोगिता प्रधानमन्त्री कम (पिएम कप) का लागि जिल्ला छनोटको रुपमा समेत रहेको कास्की जिल्ला क्रिकेट संघका सचिव विरेन्द्र पुनले जानकारी दिए। प्रतियोगितामा संघमा आबद्ध कास्कीका ९ क्लबको सहभागिता रहेको थियो।



काठे पुलः

मुस्ताङको घरपझोङ गाउँपालिका-४ स्थित कालीगण्डकी नदी माथी बनाइएको एक शताब्दी पुरानो काठेपुल। यो पुलको सौन्दर्यकरण गरिनुका साथै जिर्णोद्वार समेत गरिएको छ। अहिले मुस्ताङ घुम्न आउने पर्यटकहरू उक्त काठेपुलमा तस्बिर खिच्न व्यस्त देखिन्छन्। तस्बिर : शुशिलबाबु थकाली/रासस

# मासबार आमा समुहको अध्यक्षमा पुन : शारदा गिरी

पोखरापत्र संवाददाता
पोखरा, ११ कार्तिक

पोखरा ७ मा अवस्थित मासबार आमा समूहको अध्यक्षमा शारदा गिरी पुनः निर्वाचित हुनुभएको छ।

सहकारीको २८ औ वार्षिक साधारणसभा तथा १४ औं अधिवेशले गिरीलाई पुनः अध्यक्षमा चयन गरेको हो। उपाध्यक्ष पिङगला भट्ट, सचिव लक्ष्मी देवी बराल, कोषाध्यक्ष लक्ष्मी पण्डीत घिमिरे र सहसचिव सावित्री पहारी बराल चयन भए। सदस्यहरू प्रमिला बराल, सरस्वती केसी, मिना बराल, खिममाया अधिकारी, तुलसी शर्मा, शान्ति बराल, लक्ष्मी बराल, लक्ष्मी बराल (घरेलु), जमुना पराजुली, दुर्गा पराजुली बराल, भवानी बराल, इन्दिरा बराल, मैया घिमिरे बराल निर्वाचित भएको निर्वाचन मण्डलका संयोजक लोचना अधिकारीले जानकारी दिनुभयो। यसअघि साधारणसभा उद्धाटन गर्दै पोखरा महानगरपालिका वडा नं. ७ का वडा अध्यक्ष राम मोहन आचार्यले वडाको सबैभन्दा पुरानो मासबार आमा समुह सबै भन्दा सक्रिय संस्थाको रुपमा परिचित रहेको बताउनु भयो। उहाँले वडाले अबका दिनमा सक्रियताका आधारमा सामाजिक संस्थालाई सम्मान सहित प्राथमिकता



दिने बताउनुभयो। वडा सदस्य सुनिता सुनारले आमा समुहले गर्दै आएको सामाजिक कार्य र सक्रियताको प्रशंसा गर्नुभयो।

संस्थाका सल्लाहकार तेज नारायण अधिकारीले आमा समुह समभावनाका साथ सबै चुनौतीलाई चिरेर अगाडी बढ्नुपर्ने बताउनुभयो। नेपाली कांग्रेस पोखरा ७ का सभापति नविन राज बरालले पछिल्लो समय महिलाहरु आरक्षणमा मात्र नभई क्षमता र योग्यताका आधारमा अगाडी वढ्नुपर्ने अवस्था रहेको बताउनुभयो।

नेकपा एमाले पोखरा ७ का अध्यक्ष किशोर बरालले वडाकै जेठो आमा समूहको रुपमा परिचित संस्थाले आफ्नो सामाजिक कार्य वडामा मात्र नभइ अन्य क्षेत्र र ठाउँमा समेत पुऱ्याउन सकेकोमा आफुलाई गौरव लाग्ने बताउनु भयो। महिला विकासका लागि आमा समुहका अध्यक्ष तुलसी बरालले निस्वार्थ भावले सामाजिक संस्थालाई अगाडी हाक्न महिला थप्रै समस्या रहेको बताउदै चुनौतीलाई चिर्दै समाजिक कार्यमा लाग्दा आत्मासोन्तुष्टी हुने बताउनुभयो।

समाज सेवा युवा क्लबका अध्यक्ष मधु अधिकारी आमा समूह नयाँ पुस्तालाई समेत सामाजिक कार्यमा अग्रसर हुन प्रेरणा दिने संस्था भएको बताउदै सामाजिक संस्था विच सहकार्य र एकताको खाँचो रहेको बताउनु भयो। सो अवसरमा संस्थामा महत्वपुर्ण योग्दान पुऱ्याउनु हुने संस्थाका निर्वतमान अध्यक्ष टिका देवी अधिकारी सहित विभिन्न प्रतियोगितामा भाग लिइ संस्थालाई उपाधी जिताउन सफल समुहमा आबद्ध सदस्यहरुलाई सम्मान गरिएको थियो। संस्थाका अध्यक्ष शारदा गिरीको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष कृष्ण कुमारी बरालले स्वागत र सह सचिव सावित्री पहारी बरालले संचालन गर्न भएको थियो।

# नेपाल १० खेलाडीमा सीमित

रासस
काठमाडौं, ११ कार्तिक

साफ माहिला च्याम्पियनसिप-२०२४ अन्तर्गत अहिले नेपाल र भारतबीच सेमिफाइनल खेल भइरहेको छ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा मध्यान्तरपछिको खेलमा नेपालकी रेखा पौडेलले रातो कार्ड पाएपछि मैदान छोड्नु परेको छ। खेलको ५१औं मिनेटमा दोहोरो पहेँलो कार्ड पाएपछि उनले मैदान छोड्नु परेको हो। नेपाल अहिले १० खेलाडीमा सीमित बनेको छ। रेखाले रातो कार्ड पाएपछि नेपाली दर्शकहरूले केहीबेर नाराबाजी गरेका थिए। तनावका कारण अहिले खेल रोकिएको छ। यसअघि दुवै टोलीले पहिलो हाफमा गोलरहित बराबरी खेलेका थिए। निर्धारित ४५ मिनेट तथा अतिरिक्त तीन मिनेटको समयमा पनि नेपाल र भारतले गोल गर्न सकेन। पहिलो हाफमा भारतले नेपालमाथि दबाब बनाइराख्दा नेपाल गोल गर्नबाट चुक्यो। नेपाल र भारत दुवैले केही उत्कृष्ट अवसर प्राप्त गरेपनि गोल गर्न भने सकेनन्। नेपालले समूह 'बी'को विजेताका रूपमा सेमिफाइनलमा भारतसँग खेल्ने तय गरेको हो। भारत समूह 'ए' को उपविजेताका रूपमा सेमिफाइनल प्रवेश गरेको हो। दशरथ रङ्गशालामा नै आइतबार दिउँसो भएको पहिलो सेमिफाइनल खेलमा बङ्गलादेशले भुटानलाई ७-१ गोलअन्तरले पराजित गर्दै फाइनलका लागि स्थान बनाएको छ।

# सत्ता सौदाबाजीका लागि राष्ट्रियताका हितमा कुनै सम्झौता हुँदैन : प्रधानमन्त्री

रासस
काठमाडौं, ११ कार्तिक

प्रधानमन्त्री केपी शर्मा ओलीले सत्ता सौदाबाजीका लागि राष्ट्र र राष्ट्रियताका पक्षमा प्रश्न उठ्नेगरी कुनै सम्झौता नगरिने स्पष्ट गर्नुभएको छ।

नेपाल राष्ट्रिय भूतपूर्व सैनिक तथा प्रहरी सङ्गठनद्वारा आज यहाँ आयोजित 'राष्ट्रिय सुरक्षा र विकासमा पूर्व सुरक्षाकर्मीहरुको भूमिका' विषयक विचार गोष्ठीलाई सम्बोधन गर्दै नेकपा (एमाले) का अध्यक्षसमेत रहनुभएका प्रधानमन्त्री ओलीले राष्ट्रियताका सवाललाई ध्यान दिएर भारतको नाकाबन्दी भएका बेला चीनसँग व्यापार र पारवहन सम्झौता गरिएको स्मरण गर्नुभयो। "अहिले अनेक नाममा राष्ट्रिय सुरक्षाको किल्लामा हमला गर्न खोजिएको छ। अरुको हितमा असर नपार्ने र आफ्नो जायज हित नछाड्ने सङ्कल्पका साथ हामी अघि बढ्का छौँ। सरकार प्राप्त गर्न वा सरकार टिकाउन राष्ट्र र राष्ट्रियताका विषयमा कुनै सौदाबाजी गर्नेजस्ता घिनलाग्दा काम हामीबाट हुनसक्दैन।" प्रधानमन्त्री ओलीले भन्नुभयो, "यसअघि नाकाबन्दीको सामना गर्दा सरकारबाट बाहिर पुग्यौँ होला तर कुनै छलछाम नगरी जस्केलाबाट नभई निर्वाचनका माध्यमबाट सत्तामा आउँछौँ भनेका थियौँ र आयौँ पनि। दुई ठूला राजनीतिक दल एमाले र नेपाली कांग्रेससहितको वर्तमान सरकार राष्ट्रिय एकताको भावनाको रक्षा र देशको हितका लागि पूर्ण कटिबद्ध भएर काम गरिरहेका छ।" हतियार बिसाएका मात्रै हौँ भनेर दिइने धम्कीप्रति लक्षित गर्दै प्रधानमन्त्री ओलीले माटामुनी लुकाइएका खिया लागेका हतियारले अब काम नगर्ने भन्दै नेपाली समाजलाई झुठो प्रचार गरेर धम्की नदिन सम्बन्धित पक्षको ध्यानाकर्षण गर्नुभयो। आफूलाई अलोकप्रिय भएको भनेर टिप्पणी गर्नेहरुलाई जवाफ दिँदै प्रधानमन्त्री ओलीले भन्नुभयो, "भाडामा ल्याइएकाहरुले केपी ओलीको साख घट्यो भन्न सक्छन्, सचेत जनतालाई थाहा छ कि हामी कति लोकप्रिय छौँ भन्ने। ओलीको साख घटेको भन्नेहरुले २०८४ को निर्वाचनसम्म कुर्नुपर्ला, त्यसपछि परिणाम थाहाहोला।"

लोकतन्त्र भनेको छाडातन्त्र नभएको स्पष्ट गर्दै प्रधानमन्त्री ओलीले भन्नुभयो, "नेपाल लडेर बनेको र लडेर बचाएको राष्ट्र भएकाले सिंहदरबार वा बालुवाटार कब्जा गर्छौं, चुट्छौं, मार्छौं, काट्छौँ भन्नु छाडातन्त्र हो, प्रजातान्त्रिक शासन व्यवस्थामा त्यस्ता क्रियाकलाप सैह्य हुँदैनन्।" उहाँले राष्ट्रका लागि आवश्यक परे पूर्व सुरक्षाकर्मी एकता र अनुशासनका साथ खट्नुपर्ने र नयाँ पुस्तालाई प्रेरणा दिनुपर्ने बताउनुभयो। सामाजिक सञ्जालमा जथाभावि प्रस्तुत हुनेहरुलाई उत्तरदायी बनाउने बाटोमा वर्तमान सरकार रहेको उहाँले स्पष्ट गर्नुभयो।


सहकारी अपचलनबारे संसदीय समितिको प्रतिवेदनलाई कानुनअनुसार सरकारले कार्यान्वयन गरेको उल्लेख गर्दै प्रधानमन्त्री ओलीले अनुसन्धानका क्रममा रहेका व्यक्तिका पक्षमा अदालत परिसरमै उफ्रीउफ्री कराउनु लोकतान्त्रिक मूल्यमान्यताविपरीत भएको टिप्पणी गर्नुभयो। उहँले आफूले कसैप्रति पूर्वाग्रह नराख्ने र न्यायिक निरुपणबाट हुने निष्कर्षलाई सबैले मान्नुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभागबाट अवकाशप्राप्त उच्च अधिकृतहरूले राष्ट्रिय सुरक्षा र पूर्व सुरक्षाकर्मीको भूमिकाबारे विचार प्रस्तुत गर्नुभएको थियो।

# आठौं ...

गराउन उक्त मेलाले सहयोग पुग्ने पूर्व अध्यक्ष दयाकुमार ढ्वाले बताउनु भयो। पोखराको पहिचान व्यवसायीक प्रर्वधनमा गोदावारीको शान भन्ने मुल नाराका साथ आठौं गोदावारी पुष्प प्रदर्शनी तथा पाँचौ गण्डकी प्रादेशिक पुष्प मेला २०८१ म यस बर्ष स्थानिय जातका फुलहरु समेत बिक्रि वितरण हुने भएको पूर्व अध्यक्ष दील बहादुर गुरुङले बताउनु भयो। फ्यानले २०६२ साल देखि कास्की जिल्लामा विधिवत स्थापना भई पुष्प व्यवसायीक विकास विस्तार तथा प्रर्वद्धनका लागि लगातर रुपमा पुष्प मेला प्रदर्शनीको आयोजना गर्दै आएको छ। यस मेलाबाट पुष्प व्यवसाय सञ्चालन गर्न चाहने, घर आगन तथा बगैंचा सजाउन चाहने फूल बिरुवा प्रति अभिरुचि राख्ने यस सम्बन्धी ज्ञान हासिल गर्न चाहने सबैका निम्ती उपयोगी हुने विश्वास फ्यानले विश्वास व्यक्त गरेको छ।

यस गोदावारी फूलको प्रदर्शनीमा बिस हजार बढिले प्रत्यक्ष अवलोकन गर्ने अपेक्षा गरिएको छ। उक्त मेला सम्पन्न गर्न पोखरा महानगरले समेत समन्वय गरेकोले पोखरा महानगर, व्यवसायी सहितको टोलीले यस बर्षको लागि पोखरामा फुलको मालाको समेत मुल्य निर्धारण गरेको छ। प्रति माला सानोलाई १०० देखि मध्यम प्रकारको लागि १५० र ठुलो मालालाई भने १८० मा बिक्रि गर्ने निर्णय भएको फ्यानले जनाएको छ।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आशा गरिबको सबै भन्दा ठूलो सम्पत्ति हो ।
- एल्फ्रेड डे

## सम्पादकीय

# स्थानीय तहमा कर्मचारी नजाने समस्या

देश संघीय संरचनामा गइसकेपछि दुई पटक स्थानीय, प्रदेश र संघीय संसद्को चुनाव भइसक्यो । स्थानीय तहलाई नजिकको सरकार भनिन्छ । देश संघीयतामा गएपछि स्थानीय तहबाट धेरै काम हुनेभएपछि'गाउँ गाउँमा सिंहदरबार' भन्न थालियो । नयाँ संरचना अनुसार कर्मचारी व्यवस्थापन गर्न नसक्दा सरकारले कर्मचारी अभावको समस्या झेल्नु परिरहेको छ । पुरानै निजामती सेवा ऐन अनुसार कर्मचारी प्रशासन चलिरहेका कारण अधिकांश कर्मचारी संघमै र सुगममै बस्न चाहने प्रवृत्तिका कारण प्रदेश सरकार र स्थानीय तहमा कर्मचारी अभाव छ । दरबन्दी अनुसारका पदपूर्ति नहुँदा सेवा प्रवाहमा गम्भीर असर देखिएको छादुर्गम र हिमाली जिल्लामा कर्मचारी जान नमान्ने समस्याले स्थानीय तहले हैरानी व्यहोर्नुपरेको छ ।

मनाङका पालिका अध्यक्षहरुले कर्मचारी नआउने र आएकाले पनि तलब खाने बाहेक अरुमा काम गर्न नरुचाउनु अटेरी हो । निजामती सेवाका विभिन्न तहमा गरी करिब ५३ हजार कर्मचारी दरबन्दी रिक्त रहेको तथ्य सार्वजनिक गरिएको छ । संघ, प्रदेश र स्थानीय गरी तीनै तहका विभिन्न पदमा यति ठुलो सङ्ख्यामा कर्मचारीको दरबन्दी रिक्त रहँदा सरकारले आमनागरिकमा प्रदान गर्ने सेवा प्रवाह र विकास निर्माणका काममा ढिलासुस्ती एवं समस्या देखिएको छ । राष्ट्रिय किताबखाना (निजामती) का अनुसार संघ, प्रदेश र स्थानीयसमेत तिन वटै तहमा गरी कुल एक लाख ३८ हजार १२४ दरबन्दी रहेका छन् । यद्यपि ८५ हजार ३५८ वटा मात्र दरबन्दीमा कर्मचारी कार्यरत रहेको देखिएको छ । संघीय र प्रदेश लोक सेवा आयोगबाट वार्षिक रूपमा करिब नौ हजारको हाराहारीमा कर्मचारीको दरबन्दी पूर्तिका लागि सिफारिस हुँदै आएको भए पनि नयाँ भर्नाभन्दा अवकाश हुने कर्मचारीको संख्या अधिक भएर निजामती सेवामा ठुलो संख्यामा कर्मचारी दरबन्दी रिक्त हुँदै गएको विदित हुन्छ । तल्लो तहदेखि सहसचिव तहसम्मैका दरबन्दी खाली रहँदा सेवा प्रवाहमा सकस पर्ने गरेको छ ।

सरकारले कर्मचारी व्यवस्थापन गर्न नजान्दा सेवा प्रवाह र विकास निर्माणमा समस्या देखिएको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले भने समयसापेक्ष रूपमा प्रशासनिक संरचनालाई परिवर्तन गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण (ओएनएम) कार्य भइरहेको जानकारी गराएको छ । संघीयता कार्यान्वयनमा आएको यतिका वर्ष भइसक्दा पनि कर्मचारीतन्त्रलाई व्यवस्थित गर्न नसक्नुले सरकारी संयन्त्रकै कमजोरी हो । मूल समस्या भनेको ऐन कानुनकै हो । सङ्घीय निजामती सेवा ऐन तर्जुमा हुन ढिलाइ हुँदा प्रदेश र स्थानीय तहले कर्मचारी व्यवस्थापन गर्न नसक्नु स्वाभाविक मानिएको छ । सङ्घीय कानुनको अभावमा प्रदेश तथा स्थानीय तहका आफूखुसी बनाइएका नियम कानुनका कारण एकअर्कासँग कानुन बाझिने हुँदा अर्को जटिल समस्या देखिएको कर्मचारीको भनाइ छ । सङ्घीय निजामती सेवा ऐन तिनै तहका कर्मचारी व्यवस्थापनका लागि अपरिहार्य हुँदाहुँदै पनि कतिपय कर्मचारी तथा नेतृत्वपङ्क्तकै स्वार्थ बाझिँदा संसदीय समितिमै अड्किएको छ । ऐनले नै व्यवस्थित नगरिएसम्म कर्मचारी समस्याले निकास नपाउने स्पष्ट छ । जनताको नजिकमा रहेर सेवा प्रवाह गर्नुका साथै स्थानीय क्षेत्रको सुरक्षा, विकास निर्माण तथा प्रशासनिक कार्य सञ्चालन गर्ने अधिकारप्राप्त स्थानीय सरकार आमनागरिकको पहिलो तहको भरोसापूर्ण मियो हो ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने कर्मचारी प्रशासनले अभाव झेल्नुपर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले व्यवस्थापन गर्न नसकेको देखिन्छ । राष्ट्रिय किताबखाना (निजामती) को रेकर्ड अनुसार यति ठुलो सङ्ख्यामा कर्मचारी अभाव देखिए पनि सोही अनुसारको अभाव भने नभएको अर्को तथ्य उजागर भएको छ । कार्यालय सहयोगी र हलुका सवारीचालकको पदका दरबन्दीमा कार्यरत कर्मचारीको रेकर्ड किताबखानामा नहुनु अर्को समस्या हो । संघीय निजामती सेवा ऐन जारी गर्ने प्रतिबद्धता अनुरूप सरकारले आगामी अधिवेशनबाट पारित गरेर सुशासनतर्फको यात्रा अघि बढाउनु जरुरी छ ।



## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : व्यापारमा लाभ | तुला | : सहयोग मिल्नेछ |
| वृष | : शत्रुको भय | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : झमेला बढ्ने | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : कार्यमा सफलता | मकर | : आर्थिक समस्या |
| सिंह | : शुभ यात्रा | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : स्वास्थ्यमा सुधार | मीन | : मानसिक तनाव |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# म्याग्दीका छ सय घरमा विद्युत् सुविधा विस्तार

**पोखरापत्र संवाददाता**
म्याग्दी, ११ कार्तिक

मालिका गाउँपालिकाको छ सय बढी घरमा केन्द्रीय प्रसारण लाइनको विद्युत् सुविधा विस्तार भएको छ । नेपाल विद्युत् प्राधिकरणले मालिकाको वडा नम्बर १ छिस, रिठेचौर, २ को रुम, बेली, जेम, घाड्लेपानी, वडा नम्बर ३ को लुप्सीपार, पाल्ले, खतेन र ४ नम्बर वडाको ओखरबोटमा विद्युतीकरण गरेको हो ।

मालिका–२ रुम, बेली, जेम, घ्याङ्लेपानीमा दुई ५६, मालिका–३ खतेनमा ५०, लुप्सीपारमा ५४, पाल्लेका एक सय २०, मालिका–४ ओखरबोटमा एक सय दुई घरमा बिजुली बलेको नेपाल विद्युत् प्राधिकरणको म्याग्दी वितरण केन्द्रका सूचना अधिकारी प्रकाश भाले जानकारी दिनुभयो । प्राधिकरणको विद्युतीकरण कार्यक्रमअन्तर्गत पहिलो चरणमा मालिकाका चारवटा वडामा बत्ती बलेको हो । म्याग्दीका १४ स्थानका दुई हजार एक ८३ घरधुरीमा राष्ट्रिय प्रसारण लाइनको विद्युत् सुविधा विस्तारका लागि रु २२ करोड बजेटको योजना सञ्चालन भएको छ । घ्याङ्लेपानीबाहेकका बस्तीका बासिन्दाले यसअघि उज्यालोका लागि लघुजलविद्युत् परियोजनाको विद्युत् प्रयोग गरेका थिए । वर्षौंको प्रयासपछि बिजुली बलेपछि स्थानीयमा खुसीयाली छाएको मालिका–३ का वडाध्यक्ष मोतिप्रसाद बुढाले बताउनुभयो । मालिका गाउँपालिकाको वडा नम्बर ३ मा पर्ने पाल्ले, लुप्सीपार, किटेनी, डाडागाउँ, औला, सेउलीबाङ, अदिभारा, झ्रे, खतेन बस्तीका तीन सय २५ घरमा विद्युतीकरण भएको उहाँले बताउनुभयो । केन्द्रीय लाइनको विद्युत् सुविधा भएपछि स्थानीयलाई घरायसी कामकाज गर्न, विद्यालयमा कम्प्युटर कक्षा सञ्चालन र सार्वजनिक सेवा प्रवाहमा सहज भएको मालिका–३ पाल्लेकी बालकुमारी रोकाले बताउनुभयो । विद्युत् सुविधा विस्तारका लागि ४७.६ किलोमिटर मुख्य, एक सय २६ किलोमिटर शाखा लाइन विस्तार र २० वटा ट्रान्सफर्मर जडान गर्न २०८० असोजमा रविन्द्र/डुङ्गाना जेभीसँग रु तीन करोड ५४ लाखमा ठेक्का सम्झौता भएको थियो ।

सोही ठेक्कामार्फत मुख्य, शाखा लाइन विस्तार गर्न पोल गाड्ने, तार तान्ने, ढुवानी गर्ने, ट्रान्सफर्मर ढुवानी र जडान गरिएको हो । मिटरबक्स जडान र वायरिङको काम उपभोक्ता आफैँले गरेका हुन् । आर्थिक वर्ष २०८०/८१ मा म्याग्दीका ११ स्थानमा एक हजार चार सय ३८ उपभोक्ता थपिएका विद्युत् प्राधिकरण म्याग्दी वितरण केन्द्रका प्रमुख सत्यनारायण गामीले बताउनुभयो । गत वर्ष थपिएकासहित केन्द्रमा २३ हजार ग्राहक छन् ।

# 'कर्मचारी दर्पण' लोकार्पण

**पोखरापत्र संवाददाता**
पोखरा, ११ कार्तिक

कर्मचारी मिलन केन्द्र कास्कीद्वारा प्रकाशित 'कर्मचारी दर्पण २०८१' अङ्क–तीन आज पोखरामा लोकार्पण गरिएको छ । पुस्तकको एक कार्यक्रमकाबीच गण्डकी प्रदेशका प्रमुख सचिव रघुराम विष्ट र जिल्ला न्यायाधीश नवराज दाहालले संयुक्त रुपमा लोकार्पण गर्नुभएको हो ।

कार्यक्रममा प्रमुख सचिव विष्टले सार्वजनिक सेवा प्रवाहका साथै राष्ट्रसेवक कर्मचारीको एकआपसमा भेटघाट र समन्वय गर्ने साझा संस्थाका रुपमा कर्मचारी मिलन केन्द्र क्रियाशील बनेको बताउनुभयो ।सार्वजनिक प्रशासनका विविध पक्षलगायत विभिन्न लेखरचनालाई समावेश गरी प्रकाशन गरिएको पुस्तक उपयोगी बन्ने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

जिल्ला न्यायाधीश दाहालले विभिन्न सेवा प्रदायक निकायमा काम गर्ने राष्ट्रसेवकको अनौपचारिक फोरमका रुपमा मिलन केन्द्र रहेको बताउँदै यसका माध्यमबाट विभिन्न रचनात्मक गतिविधि सञ्चालन हुँदै आएको जानकारी दिनुभयो । मिलन केन्द्रका संरक्षक एवं कास्कीका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेले केन्द्रको सक्रियतामा सामाजिक उत्तरदायित्वअन्तर्गत प्रत्येक महिना पोखरा क्षेत्रमा प्राकृतिक एवं सांस्कृतिक सम्पदा सरसफाइलगायत विभिन्न रचनात्मक गतिविधि सञ्चालन हुने गरेको बताउनुभयो ।

मिलन केन्द्र कास्कीका अध्यक्ष लोकनाथ आचार्यले सार्वजनिक सेवा प्रवाहका नियमित कामका अतिरिक्त राष्ट्रसेवकबीच आपसी सद्भाव अभिवृद्धिका साथै विभिन्न सिर्जनात्मक कामलाई केन्द्रले सञ्चालन गरिरहेको बताउनुभयो । सम्पदा सरसफाइका साथै हरितालिका तीजमा असहाय आश्रित महिला दिदीबहिनीका लागि दरभोजका लागि सहयोगका साथै योग दिवसलगायत हरेक कार्यक्रममा केन्द्रले नेतृत्वदायी भूमिका निर्वाह गरेको उहाँले उल्लेख गर्नुभयो । एक सय ६८ पृष्ठमा समेटिएको कर्मचारी दर्पणको प्रधानसम्पादकमा नवराज बराल रहनुभएको छ भने सम्पादकहरूमा नवराज गौतम, सन्तोष ढुङ्गाना र वासुदेव पौडेल हुनुहुन्छ । पुस्तकमा सार्वजनिक प्रशासनसहित विभिन्न सेवा क्षेत्र समेटिएका विज्ञ तथा लेखकका २६ वटा रचना समावेश गरिएको मिलन केन्द्रका सचिव एवं सम्पादक सन्तोष ढुङ्गानाले जानकारी दिनुभयो ।

कार्यक्रममा नेपाल सरकारको विशिष्ट श्रेणीमा पदोन्नति हुनुभएको भन्दै केन्द्रका तर्फबाट प्रदेश प्रमुख सचिव विष्ट, पुस्तक प्रकाशनमा प्रधानसम्पादकको जिम्मेवारी निर्वाह गर्नुभएका भन्दै जिल्ला समन्वय अधिकारी बराललाई सम्मान गरिएको थियो । कास्कीका विभिन्न कार्यालयमा जिम्मेवारी सम्हाल्न हालै आउनुभएका कार्यालय प्रमुख एवं कर्मचारीलाई केन्द्रकातर्फबाट स्वागत गरिएको थियो ।



## विमालेख हरायो

यहि मिति २०८१/०५/१५ गते बगरबाट महेन्द्रपुल जाने क्रममा साविक रिलायन्स लाइफ इन्स्योरेन्स कम्पनीमा रहेको र हाल सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स क.को निम्न लिखित विवरणको विमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावले सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

विमितको नामः होमनाथ वास्तोला
विमालेख नं. ४०३००००००१३
सम्पर्क नं. ९८२११८४६, ०६१५३५२२


# लक्ष्मी सनराईज बैंकको एक्स्टेन्सन शाखा बाटुलेचौरमा

**पोखरापत्र संवाददाता**
पोखरा, ११ कार्तिक

लक्ष्मी सनराइज बैंकले पोखरा १६ को बाटुलेचौरमा एक्स्टेन्सन शाखा संचालनमा ल्याएको छ ।

आईतवारबाट शुरु भएको उक्त शाखाले बैंकको विभिन्न सेवा सहितको विस्तारित काउन्टर र एटिएम सेवा संचालनमा ल्याएको सो शाखा समेत हेर्ने बगर शाखाका प्रमुख विकास आचार्यले जानकारी दिनुभयो । बाटुलेचौर क्षेत्रमा क वर्गको वाणिज्य बैंकको अभाव महसुष भएको र स्थानियको माग अनुसार नै एक्सटेन्सन शाखा संचालनमा ल्याईएको आचार्यले वताउनु भयो । शाखा विस्तारसँगै स्थानियले क वर्गको वाणिज्य बैंकले प्रदान गर्ने सुविधा र एटिएम सेवा प्राप्त गर्ने वताईएको छ ।शाखा संचालनको पहिलो दिन खाता संचालन गर्नेहरुको भिड नै लागेको छ । बैंकका पोखरामा लेकसाईड, बगर,अमर सिंह, नयाँसडक, पोखरा औद्योगिक क्षेत्र, चिप्लेढुंगा, तालचोक र विरौटामा गरी ८ वटा शाखा र नेपाल मणिपाल फुलवार ी,हिमालय आँखा अस्पताल घारीपाटन र बाटुलेचौरमा गरी ३ वटा एक्स्टेन्सन शाखा संचालनमा रहेका छन् । यसअघि वाटुलेचौर क्षेत्रमा ख वर्गको गरिमा विकास बैंकले मात्र बैंकिंग सेवा प्रदान गरिरहेको छ ।

# पर्यटकीय याममा पनि सुनसान 'गुरिल्ला ट्रेक'

**राम थापा**
गण्डकी, ११ कार्तिक/रासस

चाडपर्वको समय सुरु भएसँगै अधिकांश पर्यटकीय गन्तव्यस्थल आगन्तुकले भरिभराउ भइरहेका बेला दशकअघि घोषणा भएको यहाँको 'गुरिल्ला ट्रेक' भने सुनसान छ । 'लुकेको हिरा'का रुपमा स्थानीयबीच परिचित उक्त पदमार्ग संरक्षण, प्रवर्द्धन तथा पूर्वाधार अभावमा सुनसान बनेको हो ।

बागलुङ, म्याग्दी, रुकुम पूर्व र रोल्पा जिल्लालाई समेटेर विसं २०६८ मा 'गुरिल्ला ट्रेक'को पहिचान र नक्साङ्कन गरिएको थियो । नेपाल पर्यटन बोर्ड, राष्ट्रिय प्रकृति संरक्षण कोषलगायत निकायको पहलमा विसं २०७२ मा उक्त पदमार्ग घोषणा गरिएको थियो । विसं २०७३ मा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले रुकुम पूर्वको चुनवाङमा गुरिल्ला ट्रेकको औपचारिक शुभारम्भ गर्नुभएको थियो ।

ट्रेकिङ एसोसिएशन अफ नेपाल (टान) गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यले पर्यटन विकासको प्रचुर सम्भावना बोकेको भएपनि प्रचारप्रसार र प्रवर्द्धन नहुँदा उक्त पदमार्ग ओझेलमा परेको बताउनुभयो । "पुराना र चल्तीका पदमार्ग नासिँदै गएको स्थितिमा गुरिल्ला ट्रेक वैकल्पिक पदमार्गका रुपमा विकास गर्नु जरुरी छ", उहाँले भन्नुभयो, "यो ट्रेक गण्डकी र लुम्बिनी प्रदेशको पर्यटन विकासमा कोसेढुङ्गा बन्न सक्छ ।"

देशको एकमात्र सिकार आरक्ष रहेको ढोरपाटन क्षेत्रलाई जोडेर यस क्षेत्रको प्रकृति र संस्कृतिलाई पर्यटन बजारमा चिनाउनुपर्नेमा अध्यक्ष आचार्यले जोड दिनुभयो । टानसहित पर्यटन सम्बद्ध सङ्घसंस्थाले सुरुसुरुमा केही प्रवर्द्धनात्मक काम गरेपनि पछिल्लो समय कुनैपनि पर्यटकीय गतिविधि यस क्षेत्रमा हुन सकेका छैनन् । "लामो दूरी भएकाले यो ट्रेक खर्चिलो पनि छ, व्यवस्थित पूर्वाधारलगायत पर्यटकलाई चाहिने सेवासुविधा नहुँदा हामीले पर्यटक पठाउन सक्ने अवस्था छैन", उहाँले भन्नुभयो ।

पहिलोपटक उक्त पदमार्ग पहिचान गर्ने टोलीमध्येका सदस्य सुरेन्द्र रानाले 'गुरिल्ला ट्रेक' राज्यको प्राथमिकता पर्न नसकेको बताउनुभयो । महिनौँ लगाएर पदमार्ग पहिचान गरी उतिबेलै 'गाइडबुक' (जानकारी पुस्तक) र 'म्याप' (नक्सा) तयार पारिएको उहाँले उल्लेख गर्नुभयो । "यो पदमार्ग संरक्षण र प्रवर्द्धनमा सरोकार भएका निकायले विशेष पहल गर्नु जरुरी छ, यसमा राज्यका निकायले पनि सहकार्य गर्नुपर्छ । व्यवस्थित पूर्वाधार बनाउन सबै एकजुट हुनुपर्छ", रानाले भन्नुभयो । सरकारले चालु आर्थिक वर्षको बजेटमा उक्त पदमार्गपर्यटकीय कार्यक्रम सञ्चालन गर्ने घोषणा गरेपछि केही आशा भने जागेको उहाँले बताउनुभयो । पर्यटक पथप्रदर्शक दिवस गुरुङले प्रकृतिमय भूगोल, ऐतिहासिक महत्वका स्थल, जैविक विविधता, मगर जातिका सघन बस्ती, रैथाने कला, संस्कृति, रहनसहन, रीतिथितिलगायत पदमार्गका विशेषता रहेका बताउनुभयो । "गुरिल्ला ट्रेकको 'ब्राण्डिङ' गरी पूर्वाधार निर्माणमा जोड दिनुपर्छ", उहाँले भन्नुभयो, "नाम चलेका पदमार्ग छोटिँदै र मासिँदै गएका बेला यो पदमार्गमार्ग नेपालको पर्यटन क्षेत्रमा लाभ लिन सक्छ ।"

सो पदमार्गमा पर्यटकीय पूर्वाधार निर्माण गर्न सङ्घ, प्रदेश सरकार र स्थानीय तहले लगानी बढाउनुपर्नेमा पथप्रदर्शक गुरुङले जोड दिनुभयो । "पदमार्ग भनेको पहिले मानिसले हिँडेकै बाटोमा हिँड्ने भन्ने हो, नयाँ पदमार्ग बनाउँदा पनि मौलिकताको ख्याल गरी कङ्क्रिटको प्रयोग गर्नुभएन", उहाँले भन्नुभयो, "पदमार्ग पहिचान भइसकेपछि ठाउँठाउँमा सूचनापाटी, चिया/खाजाघर, विश्रामस्थल, होटललगायत पूर्वाधारको व्यवस्था गर्नुपर्छ ।"

पथप्रदर्शक गुरुङले गत वर्ष ३५ दिन उक्त ट्रेकमा एक्लै पदयात्रा गरेको बताउनुभयो । "अरुमा भन्दा बेग्लै अनुभव यस पदमार्गमा गरेको थिए । पूर्वाधार विकास गरी सुविधासम्पन्न बनाउन सके उक्त पदमार्ग पर्यटन विकासमा सहयोगी हुने विश्वास लिएको छु", उहाँले भननुभयो । उहाँका अनुसार छोटो, मध्यम र लामो दूरीबाट 'गुरिल्ला ट्रेक'मा यात्रा गर्न सकिन्छ । सबैभन्दा छोटो १४ दिनको पदयात्रा म्याग्दीको बेनी, दरबाङ, गुर्जाघाट, बागलुङको ढोरपाटन, निशेलढोर पूर्वी रुकुमको तकसेरा, लुकुम, रोल्पाको थवाङ, जलजला, जेलबाङ हुँदै सुलीचौर पुगेर टुङ्गिन्छ । करिब १९ दिनमा गर्न सकिने मध्यम दूरीको पदयात्रा बेनी, दरबाङ, गुर्जाघाट हुँदै ढोरपाटन पुगेपछि बुकी हुँदै रुकुम पूर्वको पेल्मा, मैकोटतिर जोडिन्छ । मैकोटबाट तकसेरा निस्केर लुकुम, रोल्पाको थवाङ, जलजला, जेलबाङ हुँदै सुलीचौर पुग्न सकिन्छ । सबैभन्दा लामो २७ दिनको पदयात्राले भने पश्चिम रुकुमलाईसमेत समेट्छ ।

ढोरपाटनबाट पेल्मा, मैकोट, पश्चिम रुकुमको अर्चल, रुकुमकोट, पूर्वी रुकुमको तक्सेरा, लुकुम, रोल्पाको थवाङ, जलजला, जेलबाङ हुँदै सुलीचौर पुगेर पदयात्रालाई टुङ्ग्याउन सकिन्छ । बागलुङको ढोरपाटन, रोल्पाको सुलीचौरलगायत ठाउँबाट पनि छोटो र लामो दूरीमा उक्त ट्रेकको यात्रा गर्न सकिन्छ । बागलुङको बुर्तिबाङ, ढोरपाटन हुँदै गरिने पदयात्रा आठ/दश दिनमा टुङ्ग्याउन सकिन्छ । समय र अन्य व्यवस्थापकीय तयारीलाई हेरेर जुनसुकै मार्ग प्रयोग गरेर 'गुरिल्ला ट्रेक'मा जान सकिन्छ ।

पर्यटनका माध्यमबाट ऐतिहासिक ठाउँको पहिचान स्थापित गर्न र युद्ध प्रभावित क्षेत्रका बासिन्दाको जीवनस्तर उकास्न 'गुरिल्ला ट्रेक'को अवधारणा ल्याइएको थियो । अस्तित्वमा आएको दशक बितिसक्दा पनि सोचेजसरी यो पदमार्गको विकास भने हुन सकेको छैन । 'गुरिल्ला ट्रेक' पर्यटन सम्बद्ध सङ्घसंस्थाको पनि उपेक्षामा परिरहेको स्थानीयवासीको गुनासो छ । चालु आवमा सङ्घ सरकारको बजेट विनियोजन गरेकाले केही आशा जगाएको स्थानीय बताउँछन् ।

पूर्वाधार सम्पन्न बनाएर विश्व पर्यटन बजारमा 'ब्राण्डिङ' गर्न सके यो पदमार्ग गण्डकी र लुम्बिनी प्रदेशको आकर्षक गन्तव्यस्थलका रुपमा विकास गर्न सकिने पर्यटक पथप्रदर्शक गुरुङले बताउनुभयो । यो पदमार्गमा माओवादी जनयुद्धका चिनारी र अवशेषको पनि अनुभव बटुल्न पाइने उहाँले जानकारी दिनुभयो ।

"छापामार हिँड्ने बाटो, सेल्टर, तालिम केन्द्र, बङ्कर, माओवादी नेताका बैठकस्थललगायत अवलोकन गर्न सकिन्छ", उहाँले भन्नुभयो, "अन्नपूर्ण हिमशृङ्खलादेखि, धवलागिरि, गुर्जा, पुथा, चुरेनलगायत हिमालको दृश्यले पनि पदयात्रालाई रोमाञ्चकता प्रदान गर्छ ।" गुरुङका अनुसार बागलुङ, म्याग्दी र पूर्वी रुकुममा फैलिएको ढोरपाटन सिकार आरक्ष यो पदमार्गको प्रमुख आकर्षण हो । "गुरिल्ला ट्रेकबारे पुस्तक पनि प्रकाशित छ, गुगल नक्सा पनि उपलब्ध छ", उहाँले भन्नुभयो, "अरु पदमार्गको भन्दा बेग्लै अनुभवका लागि पर्यटकले गुरिल्ला ट्रेक रोज्न सक्छन्, साहसिक र रोमाञ्चक यात्रा रुचाउनेका लागि यो उपयुक्त गन्तव्य हो ।" अग्ला पहाड, भीरपाखा, खोला र खोँच हुँदै हिँड्नुपर्ने भएकाले गुरिल्ला पदयात्रामा निस्कदाँ सोही किसिमको बन्दोबस्ती मिलाउनुपर्ने गुरुङले बताउनुभयो ।

'गुरिल्ला ट्रेक'मा पर्यटक आकर्षित गर्न सके यस क्षेत्रका ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक धरोहर र सम्पदा उजागर हुने उहाँको भनाइ छ । विगतमा युद्धबाट गुज्रेका ग्रामिण बस्ती, त्यहाँको जनजीवन र संस्कृतिको अनुभव दिलाउन आन्तरिक तथा बाह्य पर्यटकलाई 'गुरिल्ला ट्रेक'मा आकर्षित गर्न सकिने उहाँले बताउनुभयो । "दश वर्षे जनयुद्धका बारेमा बुझ्न र अध्ययनका लागि यो पदमार्ग पाठशाला हुन सक्छ", उहाँले भन्नुभयो, "मगर जातिको सघन बसोबास रहेकाले तिनको भाषा, संस्कृतिको खोज तथा अनुसन्धान गर्ने थलोका रुपमा पनि यो क्षेत्रलाई विकास गर्न सकिन्छ ।"

# ढोरपाटन र मुस्ताङका पर्यटकले बागलुङका होटल भरिभराउ

**पोखरापत्र संवाददाता**
बागलुङ, ११ कार्तिक

चाडपर्वको छेकोमा पर्यटकीयस्थलको भ्रमण गर्ने चलन बढ्दै आएको छ । त्यसैमाथि दसैँ र तिहारको बीचमा ढोरपाटन र मुस्ताङ नजाने कुरै भएन । अहिले बागलुङको ढोरपाटनसहितका पर्यटकीयस्थल र मुस्ताङ पुग्ने पर्यटकका कारण बागलुङका होटल भरिभराउ हुन थालेका छन् ।

कालीगण्डकी करिडोरअन्तर्गत बालढुङ्गादेखि बेनी जाने सडक निर्माणाधीन भएकाले बागलुङ-बेनी हुँदै मुक्तिनाथ जाने पर्यटकको सङ्ख्या बढेपछि बागलुङका होटल भरिभराउ हुन थालेका छन् । दसैँ सकिएपछिपर्यटकको सङ्ख्यामा वृद्धि भएको बागलुङका पर्यटन व्यवसायी बताउँछन् । विशेषगरी बागलुङको कालिका मन्दिर, विश्वकै दोस्रो लामो झोलुङ्गे पुल, पञ्चकोट र शालग्राम शिलाका कारण बागलुङमा पर्यटकको सङ्ख्यामा वृद्धि भएको पाइएको छ । दसैँ र तिहारका बीचमा मुस्ताङ जाने याम भएकाले मुस्ताङ हिँडेका केही पर्यटकसमेत बागलुङमा थप समय बिताउन थालेका हुन् ।

विशेषगरी भारतीय तीर्थयात्रीको महत्वपूर्ण धार्मिक गन्तव्य बनेको मुस्ताङको मुक्तिनाथ पुग्ने पर्यटकलाई बागलुङका धार्मिकस्थलले आकर्षित गर्न थालेपछि यहाँका होटल भरिभराउ हुन थालेको पाइएको छ । पछिल्लो समय मध्यपहाडी राजमार्गले पश्चिम क्षेत्रका पर्यटकसमेत बागलुङ आउन थालेका हुन् । दाङ, सुर्खेत, तुल्सीपुर, नेपालजञ्जलगायत क्षेत्रबाट मुस्ताङ आउने पर्यटक बागलुङ बस्न आउने गरेको पाइएको बागलुङका होटल व्यवसायी तथा होटल व्यवसायी सङ्घ गण्डकी प्रदेशका अध्यक्ष अर्जुन चोखालले बताउनुभयो । "पोखरा, काठमाडौँ, चितवनबाट आउने पर्यटक थोरैमात्र बागलुङ बस्दछन्, उनीहरु सोझै कालिका मन्दिर पसेर मुस्ताङ पुग्छन्", चोखालले भन्नुभयो, "मध्यपहाडी लोकमार्ग कालोपत्र भएसँगै नेपालको रुकुम, दाङ र नेपालगञ्जजस्ता जिल्लाबाट ढोरपाटन, कालिका मन्दिर र मुक्तिनाथ जान आउनेहरुको गन्तव्य बागलुङ बनेको छ ।" जिल्लामा आकर्षक गन्तव्यस्थलका रुपमा रहेका नेपालका एक सय पर्यटकीय गन्तव्यको सूचीमा समावेश प्रसिद्ध बागलुङ कालिका र सर्वसिद्धिधाम पञ्चकोट, विश्वकै दोस्रो लामो झोलुङ्गे पुल, शालग्राम सङ्ग्रहालय लगायतले बागलुङको पर्यटन चलायमान बनाएको छ । चोखालले दसैँ सकिएपछि मात्रै बागलुङका होटलमा पर्यटकको चाप बढेको बताउनुभयो । बागलुङमा पर्यटकको चाप बढेपछि होटलमा समेत लगानी थपिएको चोखालले जानकारी दिनुभयो । अहिले बागलुङ कालिका मन्दिर तथा पञ्चकोट परिसरमा रहेको पार्किङस्थलमा मुक्तिनाथ दर्शन लेखेका सवारीसाधन बाक्लै देखिने गरेको छन् । मुस्ताङको मुक्तिनाथ दर्शन गरेर फर्कने क्रममा कालिका भगवती मन्दिर र पञ्चकोट दर्शनका लागि आउने गरेको कालिका मन्दिरका अध्यक्ष कुमार खड्काले बताउनुभयो । दसैँपछि मन्दिरको पार्किङस्थल पर्यटकका सवारीसाधनले भरिएर वैकल्पिक व्यवस्थापन मिलाइएको खड्काको भनाइ छ । बागलुङमा बढिरहेका पर्यटकीय गन्तव्य, होटलको स्तरीकरण र प्रचारप्रसारका कारण मुस्ताङ पुग्ने पर्यटकमध्ये केहीले बागलुङलाई गन्तव्य बनाउन थालेका छन् । मुस्ताङ जाँदा वा फर्कने क्रममा तीर्थयात्री, आन्तरिक तथा बाह्य पर्यटक बागलुङको कालिका र पञ्चकोट दर्शनका लागि आउनेक्रम बढेको हो । टाढाबाट आएका पर्यटक बागलुङका होटलमा बसेर अर्को दिन सिधै मुक्तिनाथ पुग्न सकिने भएपछि स्थलमार्ग प्रयोग गर्ने अधिकांशले बागलुङको मार्ग रोज्न थालेका छन् । दसैँको पूर्णिमादेखि आफ्नो होटलको शतप्रतिशत कोठा पर्यटकले भरिभराउ भएको होटल दि राजका सञ्चालक एन्जिल शाक्यले बताउनुभयो ।

"दसैँअघि पर्यटक खासै थिएनन्, कात्तिकको १ गतेपछि भने हाम्रो होटलको एउटा कोठासमेत खाली छैन, यहाँ आएका पर्यटकलाई अन्य होटलमा पठाउँदै आएको छु, सुविधा सम्पन्न होटलमा पर्यटक भरिएका छन्", शाक्यले भन्नुभयो, "पछिल्लो समय ढोरपाटन, मुस्ताङ र कालिका मन्दिर आउने पर्यटक नै हाम्रो होटलमा आउने गरेको पाइन्छ ।" बागलुङसमेत पर्यटकीय हिसाबले अत्यन्तै महत्वपूर्ण मानिँदै आएको छ । पछिल्लो समय बागलुङमा दुई दर्जनभन्दा बढी सुविधा सम्पन्न होटलमा आन्तरिक पर्यटक बस्दै आएका छन् ।

# थाई एयर एसियाको उडान निलम्बित

**रासस**
काठमाडौँ, ११ कार्तिक

उडान अनुमति नलिई काठमाडौँ आएको थाई एयर एसियाको विमानलाई नियामक नेपाल नागरिक उड्डयन प्राधिकरणले कारबाही गरेको छ ।

थाइल्याण्डबाट काठमाडौँ आएको उक्त विमानलाई अवतरण गर्न दिएर कारबाही गरेको हो । करिब एक घण्टा 'होल्ड' भएपछि विमान काठमाडौँस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेको थियो ।

प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भूलका अनुसार थाई एयर एसियाको उडान तत्कालका लागि निलम्बन गरिएको छ । नेपालको आधिकारिक एजेन्ट (जीएसए) पनि रद्द भएको छ ।

सूचना अधिकारी भूलले थाई एयर एसियाको उक्त विमानको शनिबारसमम्म मात्रै उडान अनुमति रहेकाले आजको उडानलाई 'विशेष चार्टर्ड' उडानको अनुमति दिइएको जानकारी दिनुभयो । "विमानलाई धेरै समय होल्डिङ गर्दा सुरक्षाको विषय पनि आउछ", उहाँले भन्नुभयो, "यात्रुको सुरक्षा र मानवीयताको कारणले आजको उडानलाई अनुमति दिएर विमान अवतरण गरिएको हो । अब, तत्कालको लागि नेपालको सम्पूर्ण अनुमति रद्द गरिएको छ । जिएसए पनि रद्द भएको छ ।"

विशेष चार्टर्ड उडान अनुमति पाएको सो विमानले काठमाडौँबाट आजै यात्रुलिएर बैंकक फर्किने विमानस्थल कार्यालयले जनाएकोछ । थाई एयर एसियाले अक्टोबर २६ अर्थात् कात्तिक १० गतेसम्मका लागि मात्रै उडान अनुमति लिएको थियो ।

प्राधिकरणले आजदेखि अन्तर्राष्ट्रिय उडानको 'विन्टर सेड्युल' बनाएको थियो । अनुमति नलिई विमान अवतरण गर्न खोजेपछि प्राधिकरणले कारबाही गरेको हो । प्राधिकरणले (२७ अक्टोबर २०२४ देखि ३१ मार्च २०२५) सम्मको उडान तालिका सार्वजनिक गरेको छ । थाई एयर एसियाले गत असोज १६ गतेदेखि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पुनःउडान सुरु गरेको थियो ।

# सफलता कृषि सहकारीको अध्यक्षमा तारा ढकाल बरालको नेतृत्व

**पोखरापत्र संवाददाता**
पोखरा, ११ कार्तिक

पोखरा महानगरपालिका वडा नं. ७ स्थित सफलता महिला कृषि सहकारी संस्थाको अध्यक्षमा तारा ढकाल बराल निर्वाचित हुनु भएको छ । सहकारीको दशौं वार्षिक साधारणसभा तथा चौंथो अधिवेशनले बराललाई सर्वसम्मत अध्यक्षमा निर्वाचित गरेको हो ।

संस्थाको उपाध्यक्ष प्रमिला बराल, सचिव लक्ष्मी तिमिल्सीना अधिकारी, कोषाध्यक्ष सृजना बराल र सहसचिव कमला बराल चयन भए । कार्यसमिति सदस्यमा परिना बराल, तारा अधिकारी भण्डारी, गंगा बराल, सरस्वती कोइराला, हरिमाया बराल, गंगा अधिकारी र सपना अधिकारी छन् ।



यस्तै, लेखा समिति संयोजकमा सुजिता ढकाल बराल, सदस्यमा सुनिता पौडेल र ऋण संयोजकमा विजया बराल चयन छन् ।

यसअघि अधिवेशनको उद्घाटन गर्दै पोखरा महानगरपालिका वडा नम्बर ७ का वडा अध्यक्ष राममोहन आचार्यले सहकारीले कृषि उत्पादनको काम अगाडी बढाउने हो भने आफ्नो व्यक्तिगत र संस्थागत रुपमा साथ सहयोग रहने बताउनुभयो । कार्यक्रममा संस्थाका संस्थापक अध्यक्ष दुर्गा अधिकारीले संस्थाले उदेश्य अनुरुप काम गर्दै उत्पादनको क्षेत्रमा सोचे जस्तो काम गर्न नसकेको स्वीकार्दै सहकारीले आलु, अदुवा, वेसार उत्पादन गर्न सुरु गर्ने तयारी गरेको बताउनुभयो । साथै महिला उद्यमशीलताको विकासका लागि सहकारीले विभिन्न किसिमका कार्यक्रमहरु संचालन गर्न तर्फ जोड दिनुभयो ।

कार्यक्रममा अन्नपूर्ण टेडिङ्गका प्रमुख डाक्टर मेखबहादुर खत्री, महिला क्लब पोखराका अध्यक्ष मिना आचार्य, क्रियाशिल महिला विकास कृषि सहकारीका अध्यक्ष मनमाया बराल, लेखा समिति संयोजक नारायणी बराल लगायत बोल्नुभएको थियो ।

संस्थाका अध्यक्ष लक्ष्मी अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष तारा ढकालले स्वागत, सचिव प्रमिला बरालले कार्यक्रम सञ्चालन र सदस्य लक्ष्मी तिल्मिसिना अधिकारीले सहकारीका सात सिद्धान्त वाचन गरेकी थिइन् ।

## Jaimini Municipality
Kushmisera, Baglung
Gandaki Province, Nepal

## Invitation for Bids

(Date of Publication: 2081-07-12 BS (2024-Oct-28 AD)

1. Jaimini Municipality Office, Kushmisera, Baglung invites electronic bids only from eligible bidders for the Road works mentioned in table below under contract.

| S.N. | Name of Work | Contract ID | Estimated Amount NRs.(With VAT & PS) | Bid Doc.Fee | Bid Security Amount NRs. |
|---|---|---|---|---|---|
| 1 | Procurement of Nwar Dhik Dhullu Biharthala Hadikot Road | JM/BAGLUNG/ NCB/W/R/ 1/2081/82 | NRs.1,99,94,843.89 | NRS 3,000 | 5,00,000 |
| 2 | Kushmisera sarkuwa biharthala kewai hudai 8 number ward office Road | JM/BAGLUNG/ NCB/02/W/R/ 2081-082 | Nrs.1,99,97,437.75 | NRS 3,000 | 4,50,000 |

2. Addendum (if any), Information on Pre-bid meeting, Letter of Intent, Letter of Acceptance or any other documentation/notification pertaining to this procurement notice and that must be disclosed to the bidders as per prevailing rules and regulation will be uploaded in E-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp and also e-mailed to the bidders. So, the bidders must mention in their bids the correct email addresses which are presently in use. No more publication, after this, will be made in National newspaper, whatsoever.
3. For further information visit PPMO's website http://www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

## धितोमा रहेको जग्गा डाँक बढाबढद्वारा लिलाम बिक्री गरिने बारेको १५ दिने सार्वजनिक सूचना

**सूचना प्रकाशित मिति : २०८१/०७/१२ पोखरापत्र राष्ट्रिय दैनिक**

यस संस्थाको कार्यालय पोखरा- ५ प्रस्याङबाट व्यक्तिगत कर्जा लिनु भएका तपशिलका ऋणी सदस्यले उपभोग कर्जाको साँवा तथा व्याज समेत नतिरी नबुझाई लिखित बमोजिम कर्जा सम्बन्धी शर्त उल्लङ्घन गर्नु भएकोले पटक पटक मौखिक तथा लिखित ताकेता गर्दा समेत तिर्नु पर्ने कर्जाको रकम चुक्ता गर्ने तर्फ कुनै चासो पहल नगर्नु भएकोले तपशिल बमोजिमको ऋणीलाई कर्जा चुक्ता गर्न आउनको लागि पोखरापत्र राष्ट्रिय दैनिक पत्रिकामा २०८१/०३/२१ गते कर्जा चुक्ता गर्ने ३५ (पैतीस) दिने सूचना प्रकाशित गर्दा समेत ऋणीले कर्जा भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो धितोमा रहेको जग्गा लिलामको १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । उल्लेखित १५ दिनभित्र कर्जा चुक्ता नगरेमा संस्थालाई लेखिदिएको धितो चल अचल सम्पत्ति सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, प्रचलित सहकारी मापदण्ड तथा संस्थाको विनियम समेतले लिएको अधिकार प्रयोग गरी सूचना प्रकाशित भएको मितिले १६ औं दिन धितो जग्गा लिलाम डाँक बढाबढ गरिने हुँदा इच्छुक व्यक्ति/संस्था तथा सबैमा जानकारीका लागि यो जरुरी सूचना प्रकाशन गरिएको छ । तपसिलमा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा संस्था आफैले सकार गर्दा समेत संस्थाबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा संस्था आफैले सकार गरी लिएमा धितो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा संस्था आफैले सकार गर्दा समेत संस्थाको सम्पूर्ण लेना रकम असुर उपर नभई बाँकी रहेमा ऋणी लगायत कर्जाको व्यक्तिगत जमानी दिनेहरुको अन्य श्रीसम्पत्तिबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइएको छ ।

| ऋणी विवरण | धितो विवरण |
|---|---|
| ऋणीको नामः कलिला मिया<br>स्थायी ठेगानाः पुतलीबजार -३, स्याङ्जा<br>नागरिकता नं.: ४२३०६२/२६४<br>हालको ठेगानाः पोखरा-४, कास्की<br>पतिको नामः सुल्तान मिया<br>ससुराको नामः करिम बकस मिया<br> | धितोको विवरणः कास्की जिल्ला पोखरा महानगरपालिका वड नं.-४, कित्ता नं. १४, क्षेत्रफलः ९०.७२ वर्ग मिटर |

**धितो लिलाम सम्बन्धी शर्तहरु :**

१. संस्थाको तर्फबाट धितो लिलाम बिक्रीको सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र ऋणी वा जमानीबाट सम्पूर्ण कर्जा चुक्ता हुन नसकेमा १६ औं दिनको १:०० बजेदेखि यस संस्थाको कार्यालय पोखरा-५, कास्कीमा लिलाम डाँक बढाबढ सम्बन्धी कार्यक्रम हुनेछ । उक्त दिन बिदा परेमा बिदाको लगत्तै कार्यालय खुलेको दिन लिलाम बढाबढ हुनेछ ।
२. धितो लिलाम डाँक बढाबढमा कम्तीमा ३ (तीन) जना व्यक्ति/संस्थाहरुले भाग लिएको हुनुपर्नेछ ।
३. धितो डाँक बढाबढमा सबैभन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थाले बोलेको अंकको कम्तीमा १० (दश) प्रतिशतले हुने नगद रकम धरौटी बापत त्यसै दिन संस्थामा जम्मा गर्नुपर्नेछ ।
४. लिलाम सकार गर्न व्यक्ति/संस्थाले लिलाम सदर भएको ७ (सात) दिनभित्र बाँकी रकम बुझाउनुपर्नेछ । बुझाउनुपर्ने बाँकी रकम तोकिएको मितिमा बुझाउन नसकेमा जम्मा भएको धरौटी रकम स्वतः जफत हुनेछ । लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा ब्याज दाबी गर्न पाइने छैन ।
५. डाँक बढाबढको सुरुवात अंक चल-अचल सम्पत्तिको न्यूनतम तथा पंचकृत मूल्याङ्कनबाट सुरुवात गरिनेछ ।
६. धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नु अगावै सम्बन्धित ऋणीले संस्थालाई भुक्तानी गर्नुपर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारबाही हुने छैन ।
७. लिलाम सदर भए पश्चात दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजस्व, मालपोत, रजिष्ट्रेशन दस्तुर लगायतका सम्पूर्ण राजस्व कर, दस्तुर एवं अन्य भैपरी खर्च धितो जग्गा स्विकार गर्ने बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।
८. धितो सम्पत्ति लिलाम बढाबढमा कसैले नसकारेमा संस्था आफैले सकार गर्न सक्नेछ ।
९. लिलाम बिक्री गर्दा लागेको सम्पूर्ण खर्चहरु ऋणी स्वयंको ज्येथाले व्यहोर्नु पर्नेछ । डाँक बढाबढमा सबैभन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थालाई दिने वा नदिने सम्पूर्ण अधिकार यसै संस्थामा सुरक्षित रहनेछ ।
१०. अन्य थप जानकारीका लागि संस्थाको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

**बगैंचा बचत तथा ऋण सहकारी संस्था लि.**
**Bagaincha saving & credit co-operative ltd.**
पोखरा-५, कास्की, नेपाल
फोन नं.: ०६१-४१९१२४, ४१९१८०